# लेखापरीक्षण प्रतिवेदन

# रामप्रसादराई गाउँपालिका, भोजपुर

## आर्थिक वर्ष २०८०/८१




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## रामप्रसादराई गाउँपालिका, भोजपुर

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय

काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/20

# विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
रामप्रसादराई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बैकुण्ठे, भोजपुर।

## कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७ करोड ४८ लाख १९ हजार, पर्यटन पूर्वाधार विकासको रु.९ लाख ४१ हजार, एकीकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.९ लाख ५५ हजार र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४ लाख १५ हजार समेत गरी रु.७ करोड ७१ लाख ३० हजार समावेश गरेको छैन।

२. पालिकाको रु.९८ करोड ६८ लाख ३४ हजार लेखापरीक्षण गरिएकोमा रू.१६ लाख ५८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.४ लाख ६५ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा नियमित गर्नुपर्ने रु.११ लाख ९२ हजार रहेको छ। गत वर्षसम्म रु.१० करोड ७ लाख ८७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१० करोड १९ लाख ३३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने रामप्रसादराई गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त

अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन् ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी रामप्रसादराई गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्तालै सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६८ | ३३ | १६,५७,६८२ | ० | ३१ | ४,६५,३८२ | ० | ६८ | २ | ११,९२,३०० | ० | ११,९२,३०० | ० | ० | ० | ११,९२,३०० | ० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भोजपुर | १०,०७,८७,००० | | ४६,१०५ | १००७४०८९५ | ० | ११,९२,३०० | १०१९३३१९५ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | | पारिश्रमिक कर कट्टी नगरेकोः | ४६,१०५ |
| २ | २०८०/८१ | | पूर्व निर्धारित क्षतिपूर्तिः | ३६,८५६ |
| ३ | २०८०/८१ | | कर विवरणः | ८०,५२६ |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०८०/८१ | | इन्टरनेट व्यवस्थापन खर्चः | ३,४८,००० |
| जम्मा | | | | ५,११,४८७ |

# (८०१०७५०५३०० - रामप्रसादराई गाउँपालिका, भोजपुर )

## परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा, ४३ सभा सदस्य, १५८ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ७१० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।६ देखि २०८१। ५। १० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको रु. ९८,६८,३३,९१४।३० ( एकीकृत आर्थिक विवरणअनुसार) को लेखापरीक्षण सम्पन्न गरिएको छ । यस्को बिस्तृत विवरण दफा-२ मा उल्लेख गरिएको छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली:-** लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु. ९२,८१२।- असुली भई सञ्चित कोष दाखिला भएको छ ।

| क्र.स. | व्यहोरा | रकम |
|---|---|---|
| १ | पूर्व निर्धारित क्षतीपूर्तिबापतको रकम | २९६०२ |
| २ | तेज प्रसाद आचार्यलाई बढी भुक्तानी भएको स्थानीय भत्ता | ३२१० |
| ३ | दीर्घ रोगीहरुको औषधि उपचारबापत विविखातामा जम्मा भएको रकम फिर्ता | ६०००० |
| | | ९२८१२ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

| क्र. सं | आयतर्फ | | | क्र. स | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी धरौटी अन्य कोष समेत | | ९७४१०२५७ | १ | चालु खर्च तथा पूँजीगत खर्च | | ३६३४७८८०४ |
| | क) नगद | ० | ० | | चालु खर्च | २६३१९३७६८ | ० |
| | ख) बैंक | ९७४१०२५७ | ० | | पूँजीगत खर्च | १००२८५०३६ | ० |
| २ | राजस्व (आन्तरिक आय) | | ८१०३४५९३ | ३ | धरौटी फिर्ता | | १६९४८१७ |
| | क) आन्तरिक राजस्व | ५०४५८०४ | ० | ४ | कोष खर्च र मौज्दात | | १६९१५२११ |
| | ख) राजस्व बाँडफाँड | ७५९८८७८९ | ० | | कोष खर्च | ६०००८५५ | ० |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ३१६१५२३६० | | कोष मौज्दात | १०९१४३५६ | ० |
| | क) वित्तिय समानीकरण अनुदान | ७८३०६००० | ० | ५ | बैंक मौज्दात संचित कोष | | ८९१९५९६७ |
| | ख) सशर्त अनुदान | २२१४८९००० | ० | | संचित कोष मौज्दात | | ० |
| | ग) समपूरक अनुदान | ६१६६००० | ० | | ख) नगद मौज्दात | | ० |
| | घ) विशेष अनुदान | १०१९१३६० | ० | ६ | शसर्त अनुदान फिर्ता | | ४११९०२४५ |
| ४ | प्रदेश सरकारबाट प्राप्त | | ९२६८००० | ७ | धरौटी मौज्दात | | ५१४४३१८ |
| | क) वित्तिय समानीकरण अनुदान | ५०५१००० | ० | ८ | IPFMS बाट भूक्तानी | | ७७१३००६६ |
| | ख) सशर्त अनुदान | २३९७००० | ० | | सामाजिक सुरक्षा | ७४८१९०६६ | ० |
| | ग) समपुरक अनुदान | १८२०००० | ० | | गरिवसँग बिश्वेश्वर | ४१५००० | ० |
| ५ | IPFMS बाट प्राप्ति | | ७७१३००६६ | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९५५००० | ० |
| | सामाजिक सुरक्षा भत्ता | ७४८१९०६६ | ० | | पर्यटन पूर्वाधार विकास आयोजना | ९४१००० | ० |
| | गरिवसँग बिश्वेश्वर | ४१५००० | ० | | जम्मा | | ५९४७४९४२८ |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९५५००० | ० | | | | |
| | पर्यटन पूर्वाधार विकास आयोजना | ९४१००० | ० | | | | |
| ६ | कोष तर्फको आय धरौटी समेत | | १३७५४१५२ | | | | |
| | कोष तर्फको आय | १०९७९००७ | ० | | | | |
| | धरौटी आय | २७७५१४५ | ० | | | | |
| | जम्मा | | ५९४७४९४२८ | | | | |
| | | | | | | | |

गत वर्षको जिम्मेवारी धरौटी र अन्य कोष समेतमा अ.ल्या. गर्दा रु. ९७४१०२५७.३५ हनुपर्नेमा रु. ४३ TSA बाट खर्च समायोजन नगरेकोले उक्त रकम फरक पर्न गएको भन्ने कार्यालयको भनाइ रहेको छ ।

३ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा रु ४८ करोड ६२ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

४ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । यस सम्बन्धमा आन्तरिक लेखापरीक्षकको दरबन्दी रिक्त रहेको तथा कोष तथा लेखानियन्त्रक कार्यालयलाई सवै कारोबारको आन्तरिक लेखापरीक्षण गरिदिन अनुरोध गरेकोमा उक्त कार्यालयबाट IPFMS तर्फको मात्र आन्तरिक लेखापरीक्षण भएकोले सवै कारोबारको आन्तरिक लेखापरीक्षण हुन नसकेको भन्ने पालिकाको भनाई रहेको छ ।

५ **पार्श्व चित्र निर्माणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष वैदेशिक रोजगार सम्बन्धी पार्श्व चित्र-२०८१ निर्माण गर्न रु.५ लाख खर्च गरेको पाइयो। यसरी संकलन गरेको उक्त तथ्यांकले यस पालिका अन्तर्गत आप्रवासी कामदारहरुको पहिचान, समस्याको निदान, वैदेशिक रोजगारीको क्षेत्रमा नवीनतम उपाय र विधिको पहिचान गर्न पालिकाको Website मा समेत राखी प्रयोगमा ल्याउनु पर्दछ ।

६ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ३६,००,०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ६५,२०,७०३.४४ अर्थात अनुमान भन्दा ८१ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक छ ।

७ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १९,९६,६४,९७४.९० | ६५२०७०३.४४ | ३.२६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.२६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

८ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । व्यवसाय कर रु.२१,५००.०० अनुमान गरेकोमा रु.२,९६,५०४.०० असुली गरेको तथा बहाल विटौरी शुल्क रु ३००००.०० मात्र अशुल गरेको पाइयो । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

९ **बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१० **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

११ **फरक हिसावः**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.९,७४,१०,२५७।३५ यस वर्षको प्राप्ति तथा भुक्तानी रु. ७,७१,३०,०६६।- फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय ) | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७० ) | ९,७४,१०,२५७.३५ | ४९७३३९१७०.५४ | ४८९४९४७८६.७६ | १०५२५४६४१.१३ |
| एकीकृत आर्थिक विवरण अनुसार | ९,७४,१०,२५७.३५ | ४२०२०९१०४.५४ | ४१२३६४७२०.७६ | १०५२५४६४१.१३ |
| फरक | ० | ७७१३००६६ | ७७१३००६६ | ० |

१२ **बैङ्क हिसाव विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखियो । पालिकाले बैङ्क हिसाव विवरण तयार गरि रु. १,०५,२५,४६,४४१.१३ बैक मौज्दात रहेको पाइयो।

१३ **योजनाको प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पानदमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरणीय संरक्षण र भाषिक र साँस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताको आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल ११० वटा योजनामा बजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२०लाख माथिका योजना | रु.५ लाख देखि २० लाख सम्मका योजना | रु.५लाख भन्दा कमका योजना |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ३९ | १० | १९ | १० |
| २ | वडा स्तरीय | ७१ | ० | ० | ७१ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ११० योजना कार्यान्वियन भएको पाइयो ।

१४ **लक्ष्य प्रगतिः**

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको पाइयो । प्राप्त विवरण अनुसार यस बर्ष चालुतर्फ ८०.७ र पूँजीगततर्फ ६१.६२ प्रतिशत प्रगति भई समग्रमा ७४.३५ प्रतिशत प्रगति भएको पाइयो ।

१५ **बजेट रकमान्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८० को दफा २ अनुसार यस आर्थिक वर्षको अन्तमा रकमान्तर नगरी पालिकाको गाउँसभाको मिति २०८०।९।२२ गतेको निर्णयबाट रु. ३ करोड ३९ लाख ४० हजार रकमान्तर गरेको छ । उक्त रकम बजेटको तुलनामा ६.२५ प्रतिशत हुन्छ । रकमान्तरको प्रतिशतलाई सम्भव भएसम्म घटाउदै जानुपर्दछ ।

१६ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १०,०२,८५,०३६.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ

१७ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु. हजारमा)

| | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २३६०० | १५०४६ | ६३.७६ |
| २ | पूर्वाधार विकास | ११४७३४ | ६२५०१ | ५४.४८ |
| ३ | सामाजिक विकास | २३९४९५ | १९८९८९ | ८३.०९ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २१९७८ | १८९२४ | ८६.१ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ८७९४६ | ६८०१६ | ७७.३४ |
| जम्मा | | ४८७७५५ | ३६३४७८ | ७४.५२ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबैभन्दा बढी ८६.१ प्रतिशत र पूर्वाधार विकासमा सबै भन्दा घटी ५४.४८ प्रतिशत गरेको छ ।

## १८ शसर्त अनुदान फिर्ताः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान रु. ३,८१,८१,३८५।१० देखाएकोमा पालिकाले सबै रकम फिर्ता गरेको देखियो ।

## १९ त्रैमासिक पूँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । (रु. हजारमा)

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजिगत खर्चतर्फ | १६१६२९ | ५९६७ | ७०१६ | २९१६९ | ५८१३१ | ४५००९ |
| प्रतिशत | १०० | ३.६९ | ४.३४ | १८.०४ | ३५.९६ | २७.८४ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१६१६२९ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ५९६७ हजार (३.६९प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ७०१६ हजार (४.३४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. २९१६९ हजार (१८.०४ प्रतिशत) र चौथो त्रैमासिक ५८१३१(३५.९६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४५००९ हजार (२७.८४प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## २० कानून निर्माण र सञ्चालन स्थितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह

सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ३ वटा नियमावली, २४ कार्यविधि लगायत ४० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।

२१ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा छलफल हुदाँ कुनै पनि विवाद न्यायिक समिति समक्ष दर्ता नभएको भन्ने पालिकाको भनाइ रहेको छ ।

२२ **सवारी साधन खरिदः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले देहाय अनुसार दुई पांग्रे र चार पांग्रे सवारी साधन खरिदमा रु.६७१००००।बजेटबाट खर्च गरेको छ ।

| सि.नं | सवारी साधन | संख्या | रकम | खरिदको श्रोत |
|---|---|---|---|---|
| १ | मोटरसाइकल | ४ | १२१०००० | कन्टेन्जेन्सी |
| २ | जे. सी.बी. व्याक हो लोडर | १ | ५५००००० | वित्तीय समानिकरण |
| | जम्मा | | ६७१०००० | |

२३ **सार्वजनिक परीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेको छ । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ। सार्वजनिक सुनुवाइ ३ पटक गरी रु. ४,००,०००।- खर्च भएको छ । पालिकाले ९७ वटा आयोजनाहरुमा सार्वजनिक परीक्षण सम्पन्न गरेको पाइयो ।

२४ **कर्मचारी कल्याण कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारी कल्याण कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ मिति २०८१।४।२७ मा पारित गरेको छ । पालिकाले यस वर्ष राजस्व बाँडफाँडको स्रोतबाट कर्मचारी कल्याण कोषमा रु.१९,००,०००।- ट्रान्सफर गरेको देखिन्छ ।

२५ **वडा सचिवको पदपूर्ति:**

पालिका अन्तर्गतका वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ८ | ८ | ४ | ४ |

२६ **कर्मचारी प्रोत्साहन भत्ताः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले

बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कानून तथा कार्यविधि बनाई आन्तरिक श्रोतबाट रु. २५ लाख प्रोत्साहन भत्ता खर्च लेखेको छ । पालिकाको आन्तरिक आय रु.६५,२०,७०३।४४ को तुलनामा ३८.३३ प्रतिशत कर्मचारी प्रोत्साहन भत्तामा खर्च गरेकोले आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

२७ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५ बमोजिम बढीमा प्रतिव्यक्ति रु.४०,०००।– सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिने व्यवस्था अनुरुप पालिकाले विभिन्न २८ संघसंस्था र व्यक्तिहरुलाई रु. ६,८३,०००.०० आर्थिक सहायता वितरण गरेको छ ।

२८ **यन्त्र उपकरण सञ्चालनः**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

| क्र.सं. | सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | आय | खर्च | वचत |
|---|---|---|---|---|---|---|---|
| १ | जे.सि.वि ( व्याक लोडर मेशिन ) | १३६०८० | ४२६५६ | १०००० | ४०४१०० | १८८७३६ | २१५३६४ |
| २ | एम्बुलेन्स | २१४३८६ | ३७६५६० | ५४२५० | ६५५५५४ | ६९९४८१ | (-४३९२७ ) |

उल्लेखित विवरण अनुसार एम्बुलेन्स संचालनमा जम्मा आम्दानी रु. ६५५५५४.०० र खर्च तर्फ रु. ६९९४८१.०० गरि रु. ४३९२७.०० न्यून देखिन्छ। यस सम्बन्धमा आम्दानी बढाउने तर्फ ध्यान दिनु पर्दछ।

२९ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले मार्सेली निर्माण सेवा भोजपुरको म्याद नाघेको रु. ११,१५,९१४।- आ.व. ०७८।७९ मा लगत कायम भएको पेश्की नियमानुसार फर्स्यौट हुनुपर्दछ ।

३० **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित १५ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत, शिक्षा अधिकृत, आ.ले.प. सहायक, सहायक महिला विकास निरीक्षक समेत २० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

३१ **तलबी प्रतिवेदनः**

निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारको पत्र संख्या ०७६।७७ च.नं.१८० मिति २०७६।५।१८ को पत्रानुसार स्थानीय तहका र संघबाट काजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराउनु पर्ने व्यवस्था भएकोमा पालिकाले यो वर्ष पालिकाको लेखा उत्तरदायी अधिकृत स्वयंले तलबी प्रतिवेदन पारित गराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ११ कर्मचारीको रु. ७९,३९,३१४.१० र पालिकातर्फका २१ कर्मचारीको रु. १,१८,७३,४९०.६८ समेत रु. १,९८,१२,८०४.७८ खर्च लेखेको छ । नियममा भएको व्यवस्था बमोजिम सम्बन्धित निकायबाट कर्मचारीको तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## ३२ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत ३५ जना कर्मचारीको कार्य विवरण बनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाइएन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण आंशिक रुपमा मात्र हुने गरेको पाइयो।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू ८१८५९४। गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• भ्रमण अभिलेख खाता नराखेको ।

• सवारी साधनको मर्मत अभिलेख नराखेको।

• सवारी इन्धन लगबुक नराखेको।

• पानी तथा विजुलीको बिल भूक्तानी गर्दा रु ६९५०.०० बिलम्ब तिरेको पाइयो।यस्तो शुल्क समयमै भूक्तानी गरी छुट सुविधा लिनु पर्दछ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ३३ जिन्सी व्यवस्थापनः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

३४ **आय ठेक्कामा मूल्य अभिवृद्धि करः**

दोहोरो परेकोले हटाईएको ।

३५ **शसर्त अनुदान फिर्ताः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा दर्ता नभएको स्थानीय तह मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ। पालिकाले अनुसूची खण्डमा समावेश विवरण अनुसार आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रु.१९३०००।- अग्रिम आयकर रु ३९०००। गरि जम्मा रु २३२०००। असुल गरी सङ्घीय सञ्चित कोष दाखिला गरेको पाइयो।

३६ **वैदेशिक भ्रमणः**

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५ को निर्णयले स्थानीय तहका पदाधिकारीको विदेश भ्रमण सम्वन्धी निर्देशिका, २०७५ को निर्देशन नं. ४ मा पदाधिकारीको विदेश भ्रमण गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीले विदेश भ्रमणको मनोनयन गर्ने व्यवस्था छ । उक्त व्यवस्थाको पालना वेगर पालिकाका अध्यक्ष श्री थाम बहादुर राइले चीन भ्रमण गरि रु. २६२३००।- भुक्तानी लिएको रकम नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,६२,३०० |

३७ **गैरसरकारी संस्थाबाट कार्य गराएकोः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिम गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्नेछ, सार्वजनिक निकायले १० लाख सम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई १५ दिन भित्र राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ ।पालिकाले निम्नानुसारका गैरसरकारी संस्थालाई मौजुदा सूचीमा समावेश नगरी सोझै भुक्तानी दिएकोले पाइएकाले यस प्रकारको खर्चमा नियन्त्रण गरिनु पर्दछ।

| गो. भौ . नं ।मिति | संस्थाको नाम | रकम |
|---|---|---|
| ५२।६- २७ | जनहित टोल विकास संस्था | ३००००० |
| २७३।१०- २२ | युथ युनाईटेड स्पोर्ट क्लब | ४००००० |
| ८६२।३- १७ | प्राज्ञिक रिसर्च सेन्टर प्रा. लि . | १५०००० |
| ७८३।३- १२ | खोज अनुसन्धान व्यवस्थापन, भोजपुर क्याम्पस | ३००००० |
| ६३१।२- २९ | नेपाल ज्योतिष परिषद | २००००० |
| ४२८।१२- २० | अजम्बरी महिला विकास संस्था लि. | १५४००० |
| ४१९।१२- १६ | आदिबासी जनजाति महासंघ | ९५५०० |
| | जम्मा | १५९९५०० |

३८ **पदाधिकारी सुविधा सम्बन्धमाः**

कोशी प्रदेशको गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ मा स्थानीय तहका पदाधिकारीले पाउने सुविधा सम्बन्धी व्यवस्था छ । पालिकाले सो व्यवस्था बमोजिमको सुविधा उपलब्ध गराएको अवस्थामा पनि पालिकाको कार्यपालिकाको मिति २०७९।३।३२ मा निर्णय गरी वडाध्यक्षलाई भौगोलिक दूरी हेरी प्रतिमहिना १५ देखि २० लिटरसम्म पेट्रोल तथा अध्यक्ष र उपाध्यक्षलाई बिल पेश भएबमोजिम इन्धन सुविधा उपलब्ध गराउँदै आएको छ । मासिक रुपमा इन्धन सहितको एकमुष्ट रकम पदाधिकारी सुविधा अन्तर्गत लिएर पनि यस्तो सुविधा लिंदा दोहोरो सुविधा प्रयोग गरेको देखिन्छ । यस सम्बन्धमा पालिकाले दोहोरो सुविधा नहुने गरी खर्च गर्नुपर्ने देखिन्छ ।

३९ **अन्य कार्यालयको खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सिमा भित्र रही तोकिएको प्रकृया पूरा गरी तोकिएको प्रयोजनमा मात्र खर्च गर्नु पर्दछ । स्थानीय निकायका लागि वित्तीय समान्यीकरण अनुदान बापत केन्द्र सरकारबाट छुट्टै बजेट बिनियोजन हुने सरकारी कार्यालयका लागि खर्च गर्न मिल्ने देखिदैन । कार्यालयले विभिन्न सरकारी कार्यालयको भवन निर्माण,मर्मत संभार, बस्तुगत अनुदान तथा अन्य चालु प्रकृतिका खर्चहरु बापत भुक्तानी दिने गरेको पाइयो । यसरी सार्वजनिक निर्माण,अनुदान, सहायता उपलब्ध गराउनु पर्ने अवस्था सिर्जना भएमा आफ्नो आन्तरिक श्रोतबाट प्राप्त रकमको उपभोग गर्नु पर्नेमा सो समेत गरेको पाइएन । यसरी हुने सार्वजनिक खर्चबाट काममा दोहोरोपना हुन सक्ने, बजेट तथा जिन्सी मालसामानको अनियमिता र हिनामिना समेत हुन सक्ने हुँदा यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ । यस सम्बन्धमा देखिएका केहि उदाहरणहरु:-

| सि. नं . | गो. भौ ./ मिति | अन्य कार्यालयको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | विभिन्न | प्रहरी चौकी, बैकुण्ठे | मौलो पुजा | २०००० |
| २ | विभिन्न | प्रहरीचौकी, मानेभञ्ज्याङ | मौलो पुजा | २०००० |
| ३ | विभिन्न | प्रहरी चौकी, बासिखोरा | मौलो पुजा | २०००० |
| ४ | विभिन्न | प्रहरी चौकी, ओख्रे | मौलो पुजा | २०००० |
| ५ | विभिन्न | प्रहरी चौकी, दलगाउँ | मौलो पुजा | २०००० |
| ६ | विभिन्न | उल्लेखित सबै प्रहरी चौकीहरु | इन्धन सुविधा | १६०२०० |
| ७ | ९०४।२०८१- ३ - १९ | श्री युक्ता स्टेशनरी, भोजपुर | मालपोत कार्यालय भोजपुरको रजिष्ट्रेशन तथा मोठ बाइन्डिङ | ३९३०० |
| | | | जम्मा | २९९५०० |

४० **प्रतिस्पर्धा बेगर मल ढुवानी:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ८५(४) सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा ३ वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने र एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी १० लाख रुपैया भन्दा बढीको सोझै खरिद गर्न नसकिने व्यस्था छ। पालिकाले अ.व. २०८०।८१ मा एउटै सहकारी संस्था (गुराँस कृषि सहकारी संस्था) लाई पटक पटक गरी बर्षभरीमा रु.१४,१७,८१५ मल ढुवानी बापत भुक्तानी गरेको देखियो। यसरी प्रतिस्पर्धालाई सिमित हुने गरि गरिने खर्चमा नियन्त्रण हुनु पर्दछ ।

४१ **कर विवरणः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **८०,५२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४२ **प्राकृतिक श्रोतको रोयल्टी :-**

कोशी प्रदेश आर्थिक ऐन-२०८० को दफा ७(१), अनुसूची-५ बमोजिम पालिकाले प्रदेश सरकारले तोकेको ढुङ्गा, गिट्टीको लागि रु.७ प्रति घन फिट र बालुवा लगायतका निर्माण सामग्रीमा रु.६ प्रति घन फिटको का दरले रोयल्टी असुल गर्नु पर्नेमा गरेको पाइएन । कार्यालयले ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट लागयतका स्थानीय निर्माण सामग्रीहरुको रोयल्टी संकलनका लागि ठेक्का समेत लगाएको छैन।विभिन्न योजनाहरुमा स्थानीय खोलनाला र खानीहरुबाट संकलन गरिएको निर्माण सामग्री प्रयोग गरेको पाईएको हुँदा सो बापतको रोयल्टी रकम गणना गरी असुल गर्नु पर्नेमा गरेको पाइएन । कार्यालयबाट विभिन्न योजनामा प्रयोग भएको निर्माण सामग्री बापतको रोयल्टी रकम एकिन गरी असुल गर्नुपर्दछ ।

४३ **पकेट विकास कार्यक्रमको निरन्तरताः**

प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना म्यानुअल, २०७७ को अनुसूची- ६ बमोजिमको ढाँचामा कृषक समूह/कृषि संस्था,समिति तथा उद्यमीहरुले पकेट स्थापनाको आवेदन गरेकाहरुलाई अनुसूची- ७ बमोजिम पकेट/ब्लक क्षेत्र मागको लागि आधारभूत तथ्यांक फारम भर्न लगाई अनुसूची-८ बमोजिमको मूल्यांकन मापदण्डको आधामा मूल्यांकन समितिबाट छनौटमा परेका कृषक समूहहरुसँग परिच्छेद ४ को ४.१.१०(क) अनुसार स्वीकृत भएका लाभग्राहीसँग स्थानीय तहले सम्झौताका द्विपक्षीय शर्तहरु बारे छलफल गरी संक्षिप्त कार्ययोजना सहित अनुसूची- १२ बमोजिमको ढाँचामा सम्झौता गरी कार्यदेश दिनुपर्ने र प्रचलित कानून अनुसार अनुदान उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष बाख्रा पकेट निरन्तरता कार्यक्रमबाट देहायका कृषक समूह/फर्महरुलाई अनुदान उपलब्ध गराएको छ । उपलब्ध अनुदानको सही उपयोग गर्ने गराउनेतर्फ पालिकाको ध्यान जानु पर्दछ ।

| क्र. सं . | भौ.नं./मिति | कृषक समूह/ फर्मको नाम | वडा नं. | बाख्राको जात | वितरण गरेको गोटा | जम्मा मुल्य | पालिकाबाट भुक्तानी भएको ५० प्रतिशत रकम |
|---|---|---|---|---|---|---|---|
| १ | २८५/०८१।३।१२ | ताँती कृषि तथा पशुपंछी फर्म (६१८३३६५२२) | ६ | जमुनापारी | १ बोको, ८ पाठी | १८२६०० | ९१३०० |
| २ | २८५/०८१।३।१२ | चण्डिदेवीथान कृषि तथा पशुपालन फर्म (६१७९०५९८५) | ४ | जमुनापारी | १ बोको, ५ पाठी | १२८८५० | ६४४२५ |
| ३ | ३२४/०८१।३।१७ | दाजुभाई कृषि तथा पशुपंक्षी फर्म (६१३४६७५४८) | ८ | बाख्रा खोर निर्माण | ३५०००० सम्झौता रकम | ३५१४८६ सम्पन्न रकम | १७२३७५ |
| | | जम्मा | | | | | ३२८१०० |

४४ **प्रगति प्रतिवेदन तयार नगरेकोः**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को बुँदा १५ मा अनुदान प्राप्त गर्ने अनुदानग्राहीले पशुपन्छी तथा मत्स्य र भौतिक पूर्वाधारको बीमा गुर्नुपर्ने र बुँदा नं. १३ मा सशर्त वित्तीय हस्तान्तरित कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित कार्यालयले अनुसूची ७ बमोजिम अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन अनिवार्य रुपमा पशु सेवा विभागमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाले यस आ.व.मा मासुमा आत्मनिर्भर कार्यक्रमबाट ९ वटा कृषक समूहसँग १० वटा बाख्रा र बंगुरको खोर निर्माण गर्ने कार्यको लागि रू. ३६,०३,८६२.०० लागत अनुमान बनाई सम्झौता गरेको देखिन्छ । सम्झौता अनुसार रू. ३६,०६,८९६.०० को कार्य सम्पन्न गराई कार्य सम्पन्न रकमको ५० प्रतिशत रकमले हुन आउने रकम रू. १७,२४,८१०.०० अनुदान उपलब्ध गराएको छ । कार्यविधिमा व्यवस्था भए बमोजिम बीमा गर्नु पर्नेमा नगरेको र प्रगति प्रतिवेदन तयार गरी पशु सेवा विभागमा पठाएको देखिएन । कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । अनुदानबाट भएको खर्चको सही र दीगो उपयोग तथा उद्देश्य पूरा हुने नहुने सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

| क्र.सं. | भौ.नं./मिति | कृषक समूह | वडा नं. | प्रयोजन | सम्झौता रकम | कार्य सम्पन्न | पालिकाबाट भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | २८९/०८१। ३।१६ | संखेवा फुलेली कृषि तथा पशुपालन फर्म (६०९०९९०५४) | १, ओख्रे | बंगुर खोर निर्माण | ३६०२९१ | ३५७३८८ | १७१३०० |
| २ | ३०२/०८१। ३।१६ | भाँगेटार कृषि तथा पशुपंक्षी फर्म (६१८४०८७२८) | १, ओख्रे | बाख्रा खोर निर्माण | ३६०५२९ | ३६१३३१ | १७२८०० |
| ३ | ३०४/०८१। ३।१६ | आरती कृषि तथा पशुपंक्षी फर्म (६१८३२७६७०) | १, ओख्रे | बाख्रा खोर निर्माण | ३६०५२९ | ३६१८७४ | १७२८०० |
| ४ | ३०६/०८१। ३।१६ | सप्तमी जौखुरी कृषि तथा पशुपालन फर्म (६१४०३४८११) | १, ओख्रे | बंगुर खोर निर्माण | ३६०२९१ | ३६२०३६ | १७२८०० |
| ५ | ३०८/०८१। ३।१६ | एन्सना कृषि तथा पशुपालन फर्म (६१८३३५२४६) | १, ओख्रे | बंगुर खोर निर्माण | ३६०२९१ | ३५९५३९ | १७१९१० |
| ६ | ३१०/०८१। ३।१६ | सिंहदेवी कृषि तथा पशुपालन फर्म (६१२४३०६५१) | १, ओख्रे | बाख्रा खोर निर्माण | ३६०५२९ | ३६११८४ | १७२८०० |
| ७ | ३१२/०८१। ३।१६ | सिता कृषि तथा पशुपंक्षी फर्म(६०३५९२२५६) | १, ओख्रे | बाख्रा खोर निर्माण | ३६०५२९ | ३६१५५४ | १७२८०० |
| ८ | ३१४/०८१। ३।१६ | दमै खोला अलैंची तथा कृषि पशुपंक्षी कृषक समूह (६१४०४४५१५) | १, ओख्रे | २ वटा बंगुर खोर निर्माण | ७२०५८२ | ७२०९२४ | ३४५६०० |
| ९ | ३५७-०८१। ३।१७ | हाङ्चेवा कृषि तथा पशुपंक्षी फर्म (१२३३१३१४४) | १, ओख्रे | बंगुर खोर निर्मा | ३६०२९१ | ३६१०६६ | १७२००० |
| | **जम्मा** | | | | **३६०३८६२** | **३६०६८९६** | **१७२४८१०** |

४५ **कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएकोः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले आफै निर्माण गर्नुपर्ने मातहत कार्यालयहरुको भवन निर्माण तथा मर्मत तथा सामग्री खरिदको काम उपभोक्ता समिति मार्फत गराई देहाय अनुसार रु. खर्च गरेको छ।उपभोक्ता समिति मार्फत कार्य गराउँदा स्थानीय समुदायलाई प्रतक्ष्य लाभ पुग्ने साथै समुदायलाई हस्तान्तरण हुने योजनाको कार्यमात्र गर्न दिनुपर्दछ ।स्थानीय समुदायको प्रत्यक्ष स्वामित्व नरहने, हस्तान्तरण गर्न नमिल्ने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु समेत उ.स. मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रप्रतिकूल हुने गरी लाभग्राही समुदाय मार्फत निर्माण तथा मर्मत र मालसामान आपूर्तिको कार्य गराउनु नियमित देखिएन । यसमा कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं. | ब.उ.शि.नं. | गो. भौ./मिति | कामको विवरण | खुद भएको काम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | गाँउपालिका पूँजिगत | २००।०८१।३। १४ | ७ नं. वडा कार्यालय भौतिक निर्माण तथा अन्य सामग्री खरिद तथा व्यवस्थापनन | १०३४२४७ | ९३०००० |
| | | | जम्मा | १०३४२४७ | ९३०००० |
| | | | | अनियमित भएको | ९,३०,००० |

४६ **दरबन्दि र पदपूर्तिः**

समयमै गुणस्तरीय कार्य सम्पादन गर्न दरबन्दी अनुरुप पदपूर्ति हुनु पर्दछ। स्वास्थ्य तथा आयुर्वेदतर्फका कर्मचारीहरुको दरबन्दी र पदपूर्तिको अवस्था देहायबमोजिम रहेका छन्

| क्र. सं. | पद | दरबन्दी | पदपूर्ति | | रिक्त |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| १ | हे. अ | ८ | १ | ५ | २ |
| २ | अ. हे. व. | १४ | १ | १० | ३ |
| ३ | अ. न. मी. | १४ | ७ | ७ | ० |
| ४ | बैध | १ | १ | ० | ० |
| ५ | कविराज | १ | ० | १ | ० |
| | जम्मा | ३८ | १० | २३ | ५ |

पालिकामा स्वास्थ्य तथा आयुर्वेदतर्फ ३८ जना दरबन्दी रहेकोमा ५ जना रिक्त र दरबन्दीको ६०.५ प्रतिशत करारमा कार्यरत रहेको देखिएकोले स्थायी पदपूर्ति गर्नेतर्फ पालिकाले पहल गर्नुपर्ने देखिन्छ ।

४७ **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७९।८० को बाँकी २५० वटा न्यानो झोला जिम्मेवारी सारेको र यस आर्थिक वर्षमा न्यानो झोला खरिद नगरेको पालिकाबाट उपलब्ध तथ्यांकबाट देखिन्छ । पालिका अन्तर्गत रहेका ५ वटा (ओख्रे, भुल्के, दलगाउँ, मानेभञ्ज्याङ्ग र बैकुण्ठे) बर्थिङ्ग सेन्टरमा प्रसूती भएका ८९ जना सुत्केरी आमाहरुलाई ८९ वटा बितरण गरी पालिकामा १६१ वटा न्यानो झोला बाँकी रहेको देखिन्छ । बाँकी रहेको न्यानो झोला लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । वर्थिङ्गसेन्टरगत सुत्केरी गराएको र न्यानो झोला बितरण गरी बाँकी रहेको विवरण देहायबमोजिम रहेका छन्

| क्र. सं. | बर्थिङ्गसेन्टरको नाम/ वडा नं. | सुत्केरी संख्या | न्यानो झोला बितरण | बाँकी मौज्दात |
|---|---|---|---|---|
| १ | ओख्रे, वडा नं.१ | ४० | ४० | १० |
| २ | भुल्के, वडा नं.३ | १७ | १७ | ३३ |
| ३ | दलगाउँ, वडा नं.४ | ९ | ९ | ४१ |
| ४ | मानेभञ्ज्याङ्ग, वडा नं.५ | ८ | ८ | ४२ |
| ५ | बैकुण्ठे, वडा नं.६ | १५ | १५ | ३५ |
| | जम्मा | ८९ | ८९ | १६१ |

४८ **औषधि खरिदः**

पालिकाले आधारभूत तथा आकास्मिक स्वास्थ्य सेवाको लागि संघीय सशर्त चालु ८०११२५०३५०१ बजेट उप शीर्षकबाट रु.७,८३,३०५ (मु.अ.क. सहित) को औषधि खरिद गरेको पाइयो । यस सम्बन्धी देखिएका थप व्यहोराहरु देहायबमोजिम रहेका छ

**(क) लागत अनुमान तयारीः** सार्वजनिक खरिद नियमावली, 2064 को नियम ११(१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने र मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा

अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट आदि विषयहरुलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले लागत अनुमान बनाउँदा राष्ट्रिय स्तरका पत्रिका(सौर्य दैनिक)मा मेडिगोल्ड इन्टरनेशनल प्रा.लि., मेडिसेल्स मेडिको फार्म र एसएस मेडिटेक प्रा.लि.ले प्रकाशित गरेको दररेटको औषत निकाली त्यसैलाई लागत अनुमानको आधार बनाई ७२ प्रकारको औषधि तथा औषधिजन्य सर्जिकल सामानको रु. १९,५६,७६०.०० लागत अनुमान तयार गरेको देखियो । पालिकाले औषधि खरिद गर्न विद्युतीय बोलपत्रको माध्यमबाट लागत अनुमानको ५९.८८ प्रतिशत सबैभन्दा कम रु.७,८४,९२५.०० (मुल्य अभिबृद्ध कर बाहेक) कबोल गर्ने डालिमा मेडिसेल्स प्रा.लि. काठमाडौंबाट खरिद गरेको देखियो

**(ख) औषधि उपचार खर्चः** मृगौला प्रत्यारोपण, डायलाइसिस, मेरुदण्ड पक्षघात र क्यान्सर रोगीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ बमोजिम यस वर्ष पालिकाले क्यान्सर रोगी ९ जना, डायलाइसिस रोगी ७ जना समेत १६ जनालाई जम्मा रु.८,९५,०००.०० भुक्तानी दिएको देखिन्छ ।

**(ग) खोपको अवस्थाः** पालिकालाई आवश्यक पर्ने खोपको डोज स्वास्थ्य कार्यालय, भोजपुरबाट प्राप्त हुने पालिकाले जनाएको छ । यस आ.व.मा पालिकालाई तल उल्लेखित ११ प्रकारका खोपको लागि १०६१४ डोज प्राप्त भएकोमा ४६७२ डोज प्रयोग भएको, ११० डोज फिर्ता गरेको र ५८३२ डोज खोप खेर गएको पालिकाबाट उपलब्ध विवरणबाट देखिन्छ । प्राप्त डोजमध्ये ५४.९५ प्रतिशत खेर गएको देखिएकोले खोपको पूर्ण उपयोग गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

| खोपको प्रकार | प्राप्त डोज | प्रयोग भएको डोज | फिर्ता भएको डोज | खेर गएको |
|---|---|---|---|---|
| B.C.G | १५२० | १४९ | ० | १३७१ |
| RDTA | ४६८ | ३४४ | ० | १२४ |
| O.P.V | १०६० | ५१० | ० | ५५० |
| F.I.P.V | ७४५ | ३७१ | ० | ३७४ |
| pcv | ७९६ | ३४६ | ० | ४५० |
| DPT, Hep-B, Hib | ११०० | ५१५ | ० | ५८५ |
| M.R | १३०५ | २२५ | ० | १०८० |
| J.E | ५८५ | २१७ | ० | ३६८ |
| TCV | ४७५ | २०६ | ० | २६९ |
| TD | ९०० | २३९ | ० | ६६१ |
| कोभीडको फाइजर खोप | १६६० | १५५० | ११० | ० |
| जम्मा | १०६१४ | ४६७२ | ११० | ५८३२ |

४९ **शिक्षक दरबन्दी र पदपूर्तिः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत २९ वटा बाल विकास केन्द्र, २७ वटा आधारभूत विद्यालय र ७ वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन । सञ्चालनमा रहेका ३४ विद्यालयहरुमा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।

| तह | दरबन्दी संख्या | पदपूर्ति | | | | | विद्यार्थी संख्या | विद्यार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | अनुदान | जम्मा | २०८० | |
| प्राथमिक शिक्षक | ९६ | ८० | १८ | १६ | ३ | ११७ | १६२० | १४:१ |
| निम्न माध्यमि शिक्षक | २१ | १५ | ८ | ६ | २ | ३१ | १००४ | ३२:१ |
| माध्यमिक शिक्षक | १३ | १२ | ८ | १ | ४ | २५ | ७३२ | २९:१ |
| उच्च माध्यमिक शिक्षक | २ | ० | २ | ० | ० | २ | २५९ | १३०:१ |
| प्राविधिक धार | ४ | ० | ० | ४ | ० | ४ | १३७ | ३४:१ |
| जम्मा | १३६ | १०७ | ३६ | २७ | ९ | १७९ | ३७५२ | २१:१ |

पालिकाको कुल दरबन्दीमा ७८.६८ प्रतिशत दरबन्दी स्थायीबाट पदपूर्ति भएको देखिन्छ । पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । पालिकाको विद्यार्थी शिक्षक अनुपात हेर्दा सबैभन्दा कम प्रा.वि.तहमा एक शिक्षकले १४ जना र सबैभन्दा बढी उ.मा.वि. तहमा एक शिक्षकले १३० जना विद्यार्थीलाई अध्यापन गर्ने देखिन्छ। समग्रमा पलिकामा एक शिक्षकले २१ जना विद्यार्थीलाई अध्यापन गर्ने देखिन्छ । शिक्षा नियमावली, २०५९ अनुसार पहाडी जिल्लामा एक शिक्षकले ४५ जना विद्यार्थी पढाउनु पर्ने व्यवस्था भन्दा कम विद्यार्थीलाई पढाएको देखिन्छ ।

५० **पालिकाको शैक्षिक अवस्थाः**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका अन्तर्गत रहेका विद्यालयहरुमा कक्षा ८ मा ४१७ जना, कक्षा १० मा २३८र कक्षा १२ मा १२३ जना विद्यार्थी अध्ययनरत रहेको देखिएकोमा अन्तिम परीक्षामा कक्षा ८ मा ४०० जना, कक्षा १० मा २६० र कक्षा १२ मा १०३ विद्यार्थीमात्र सहभागी भएको देखिन्छ । पालिकाबाट सञ्चालित कक्षा ८, एस.ई.ई.र कक्षा १२ परीक्षाको नतिजा हेर्दा ग्रेड A र A+ ल्याउनेको संख्या कम देखिन्छ । पालिकाले शैक्षिक गुणस्तर अभिवृद्धि गर्नेतर्फ पनि विशेष ध्यान दिनुपर्ने देखिन्छ । पालिकाबाट उपलब्ध भएको तथ्याङ्क अनुसार कक्षा १० मा २७ जना र १२ मा १८ जना विद्यार्थी अन्तिम परीक्षामा उत्तीर्ण भएको देखिन्छ । कक्षा ८ को नतिजा देहाय बमोजिम रहेको छः

| क्र. सं. | GPA | GRAD | कक्षा ८ |
|---|---|---|---|
| १ | ०.८-१.२ | D | |
| २ | १.२-१.६ | D+ | १२५ |
| ३ | १.६-२.० | C | ० |
| ४ | २.०-२.४ | C+ | १५ |
| ५ | २.४-२.८ | B | १०२ |
| ६ | २.८-३.२ | B+ | १२७ |
| ७ | ३.२-३.६ | A | ३२ |
| ८ | ३.६-४.० | A+ | १ |
| जम्मा | | | ४०२ |

५१ **इन्टरनेट व्यवस्थापन खर्चः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| क्र. सं. | विद्यार्थी संख्या | सार्वजनिक विद्यालय संख्या | |
|---|---|---|---|
| | | शैक्षिक सत्र २०८० | शैक्षिक सत्र २०८१ |
| १ | ५० जना भन्दा कम विद्यार्थी भएको | १८ | १७ |
| २ | ५० देखि १०० जना | ४ | ५ |
| ३ | १०० देखि १५० जना | ४ | ४ |
| ४ | १५० देखि २०० जना | ४ | ३ |
| ५ | २५० देखि ३०० जना | ० | ० |
| ६ | ३०१ देखि ४०० जना | २ | २ |
| ७ | ४०१ देखि ५०० जना | १ | २ |
| | ५०० देखि माथि | १ | १ |
| | जम्मा | ३४ | ३४ |

५३ **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानव स्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । पालिकाले आ. व. २०८०।८१ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन कार्यालयसँग देखिएन । पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५४ **सेनिटरी प्याड खरिदः**

कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.१० क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम गर्नुपर्ने र कार्यविधिमा विद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने, पालिकाले शैक्षिक व्यवस्थापन प्रणालीको तथ्याकंसँग भिडाई विद्यालयलाई आवश्यक संख्यामा उपलब्ध गराउने, विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा राख्ने र विद्यालयले छात्राहरूको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी स्थानीय तहले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सोकार्यमा भएका कार्यहरुको प्रतिवेदन तयार गरी स्थानीय तहमा पठाउने व्यवस्था छ । शैक्षिक व्यवस्थापन प्रणालीको तथ्यांकलाई आधारमानी पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका ११ विद्यालयका छात्रा विद्यार्थीहरु ८५५ जनाका लागि अशु मेडिसिन डिस्ट्रिव्युटर्स (३०५१८४८७८) धरानबाट ६५०० प्याकेट सेनिटरी (स्कूल गर्ल अल्ट्रा जस्मिन २४० mm) प्याड प्रति प्याकेट रु.६७.१२ (मु.अ.कर समेत) का दरले रु.४,३६,२९३ को खरिद गरेको छ । खरिद गरिएका सेनिटरी प्याड गुणस्तर भए नभएको सम्बन्धमा पालिकाले परीक्षण नगरी भुक्तानी दिएको देखिन्छ । खरिद गरिएका सेनिटरी प्याड सेनिटरी प्याड व्यवस्थापन रणनीति, २०७६ बमोजिम विद्यालयमार्फत छात्राहरुलाई वर्षभरी वितरण गर्नुपर्ने प्रावधान बमोजिम पालिकाले देहायका ११ वटा विद्यालयलाई बुझाएको पाइयो । विद्यालयले वितरण गरेको प्रतिवेदन तयार गरी पालिकामा आंशिक रुपमा पठाएको पाइयो । पालिकाबाट विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गरी वितरणको सुनिश्चितता हुनुपर्दछ ।

५५ **विद्यार्थी निर्वाह खर्चः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० मा प्राविधिक धार कक्षा ९-१२ अध्ययन गर्ने विद्यार्थी संख्या यकिन गरी शिक्षण सिकाइ सामग्री, ल्याव असिष्टेण्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रु. १५,०००.०० का दरले हुन आउने रकम एकमुष्ट रुपमा विद्यालयलाई अनुदान दिने, प्राविधिक धार अन्तर्गत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यावहारिक अभ्यास गर्न कक्षा १० पछि ३ महिना, कक्षा ११ पछि ३ महिना र कक्षा १२ पछि ६ महिनाको व्यावहारिक अभ्यास वा कक्षा १२ पछि १२ महिनाको व्यावहारिक अभ्यास गराउनु पर्ने र व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले सम्बन्धित विद्यार्थीको बैंक खातामा उपलब्ध गराउने व्यवस्था छ । पालिकाले यस वर्ष प्राविधिक धार सञ्चालन भएका एक पञ्चकन्या माध्यमिक विद्यालय, भुल्केलाई रू. १५,३०,०००.०० अनुदान उपलब्ध गराएको छ तर अनुदान निकासा भएको रकममध्ये व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने कक्षा १० का ३४ जनाको नगदै बुझेको भरपाई पेश भएको र कक्षा ११ का ३५ जना विद्यार्थीको खाता तथा भरपाई गरेको प्रमाण पेश भएको देखिएन । विद्यालयले नियमानुसार ३५ जनालाई रू १,०५,०००.०० रकम नगदै बुझाएको वा खातामा दाखिला भएको प्रमाण पेश नगरेकोले पालिकाबाट खर्चको सुनिश्चितता हुनुपर्दछ । आगामी दिनमा कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएको व्यवस्था कार्यान्वयन हुनुपर्दछ ।

५६ **कक्षा ८ को परीक्षा संञ्चालनः** (२३३-२०८१-२-२९):

कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.१५ क्रियाकलाप नं. २.७.१३.३०२ मा कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवं विद्यार्थी मूल्यांकन पालिकास्तरीय हुने भएकोले प्रश्न निर्माण, परीक्षा सञ्चालन, परीक्षण, ग्रेडिङ्ग, रिजल्ट तयारी लगायतका कार्यका लागि प्रति विद्यार्थी रु. २७५.०० का दरले खर्च गर्ने व्यवस्था छ साथै परीक्षालाई थप व्यवस्थित गर्ने प्रयोजनका लागि स्थानीय तहले आन्तरिक स्रोतबाट समेत बजेट व्यवस्था गर्न सक्ने उल्लेख छ । यस वर्ष पालिका अन्तर्गत १२ वटा विद्यालयहरूमा कक्षा ८ मा अध्ययन गर्ने ४१७ जना विद्यार्थीको परीक्षा सञ्चालन गर्न संघीय सशर्तबाट रु.१,०२,७००।- गा.पा चालुबाट रु.२,००,०००.०० गरी जम्मा रु.३.०२,७००।- खर्च गरेको देखिन्छ । एक विद्यार्थीको परीक्षा लिने कार्यको लागि औषतमा रू.७२६।- खर्च गरेको पाइन्छ ।

५७ **विज्ञान प्रयोगशालाः** (३४८-२०८१-३-१७):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ मा शैक्षिक गुणस्तर सुदृढीकरण गर्न विद्यालयलाई अनुदान दिने व्यवस्था छ । पालिकाले यस वर्ष विज्ञान प्रयोगशाला निर्माणका लागि शंखेश्वर आधारभूत विद्यालय,खोक्सिक-८, लाई रु.६,५०,०००.०० उपलब्ध गराएकोमा २४३ प्रकारका सामग्री खरिद गरेको बिल भरपाई, जिन्सी दाखिला सहित कार्य सम्पन्न भएको प्रमाण पेश भएको देखिन्छ । अनुदानबाट निर्माण भएको विज्ञान प्रयोगशाला प्रयोगमा आए नआएको अनुगमन गरी प्रयोगशालाको प्रभावकारी उपयोगको सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्ने देखिन्छ ।

५८ **प्रतिविद्यार्थी लगानीः**

पालिकाले यस वर्ष शिक्षकको तलब भत्ता, पाठ्यपुस्तक, दिवा खाजा, छात्राबृत्ति लगायतका शीर्षकमा संघीय सशर्तबाट रु.११,८३,२६,८७६।- र पालिकाबाट रु. १,१२,३२,३९०।- गरी शिक्षामा जम्मा रु.१२,९५,५९,२६६।- खर्च गरेको छ । पालिकाको शैक्षिक शत्र २०८० मा पूर्व प्रारम्भिक विद्यार्थीदेखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थी संख्या २२६५ जना देखिएकोले प्रति विद्यार्थी लगानी रु.५७,२००।- भएको देखिन्छ । लगानी अनुसार उपलब्धी सन्तोष जनक नदेखिएकोले उपलब्धीमा जोड दिनुपर्ने देखिन्छ ।

५९ **परामर्श सेवा खरिदः**-

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२ मा परामर्शदाताबाट काम गराउन तयार गर्नुपर्ने लागत अनुमानको आधारको बारेमा उल्लेख छ । सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्न पर्नेछ । लागत अनुमान तयार गर्ने आधारहरु निम्नानुसार रहेका छन

(क) सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स

(ख) सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त,

(ग) सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत आदि ।

कार्यालयले परामर्श सेवा खरिदको लागत अनुमान तयारी तथा सेवा खरिदको प्रकृया सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन:-

(क)उक्त परामर्श सेवा खरिदको TOR मा परामर्शदाताले गर्नुपर्ने कार्य क्षेत्रगत शर्तको बिस्तृत विवरण तोकिएको ढाँचामा तयार नगरेको, केहि परामर्शदाता फर्मको Turnover को विवरण पेश नभएको वा आवश्यकता भन्दा घटी Turnover पेश भएको, केहि फर्मको सोही प्रकृतिको कार्य गरेको अनुभव भएको प्रमाण सम्लग्न नरहेको अवस्थामा समेत प्राबिधिक प्रस्ताब र आर्थिक प्रस्ताब स्वीकृत भएको हुँदा ठेक्का प्रकृया नियमसम्मत देखिएन।यस सम्बन्धमा पालिकाले ध्यान दिएको पाइएन।

(ख) परामर्श सम्बन्धि कार्यको लागत अनुमान तयार गर्दा माथि उल्लेखित कुनैपनि आधार लिएको देखिएन । कार्यालयले निम्नानुसार परामर्श सेवाको लागत अनुमान तयार गरेकोमा सोको आधार पेश पाइएन । कार्यालयले यस्तो प्रकृतिको कार्यको लागत अनुमान तयार गर्दा अन्य संघिय, प्रादेशिक कार्यालयले प्रयोग गर्ने नर्मस र असल अभ्यासको समेत आधार लिएर बनाउनु पर्नेमा नबनाएको कारण खरिद गरिने सेवाको लागत मितब्ययी एवं प्रमावकारी भएको भन्ने अबस्था रहेन।कार्यालयले उक्त कार्यक्रमहरुका लागि रु. ५९,८४,७३८।७३ (मू.अ.कर समेत) मा विभिन्न कन्सल्टेन्सी फर्महरुबाट कार्य गराउने गरी सम्झौता गरेको पाइयो ।प्रतिबेदनहरुमा समावेश भएका अधिकांश बिषय सूचिहरुको अध्ययनगर्दा विभिन्न पालिकाले तयार गरेका सोही प्रकृतिका प्रतिबेदनको ढाँचासँग धेरै हदसम्म एकरुपता रहेको पाइयो । लागत अनुमान यथार्थ परक नभएको साथै कतिपय परामर्श कार्यको लागत अनुमान समेत तयार नगरी कार्य गराएका कारण प्रतिबेदनको गुणस्तरको आधारमा भुक्तानी हुनुपर्ने रकमको परिमाण ठुलो रहेको पाइयो । यस्ता प्रतिबेदनहरुले पालिकाको अध्ययनको आवश्यकतालाई पुरा गर्न सक्दैन ।यस सम्वन्धमा सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

(ग)बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र डिपीआर लगायतका अध्ययत प्रतिवेदन तयार गर्नु पर्दछ । यस्तो अध्ययन कार्य गराउँदा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डि.पी.आर. तथा अन्य किसिमका प्रतिबेदनहरु तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयकै प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्नेतर्फ ध्यान दिनु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु लेखापरीक्षण अवधिसम्म कार्यान्वियनमा गएको समेत देखिएन।यसरी डि.पी.आर बनाउने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| सि.नं. | गो.भौ./ मिति | परामर्शदाताको नाम | अध्ययनको बिषय | लागत अनुमान (मू.अ.कर सहित) | भुक्तानी रकम (मू.अ.कर सहित) | पेज संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ६४८। ०८१। २।३१ | सामुदायिक बिकास मञ्च नेपाल, धनकुटा | राजश्व सुधार कार्य योजना तयारी | लागत अनुमान तयार नभएको | ६९४५४३। २० | ८४ | |
| २. | ८२२। ०८१। ३।१४ | पाथवे नेपाल प्रा.लि, ईटहरी | सडक यातायात गुरुयोजना तयार | ९९९४८५। ०० | ९८७५२५। ०० | ७८ | |
| ३. | ८१८। ०८१। ३।१४ | GEO-SPATIAL ENGINEERING SOLUTION PVT.LTD. KOTESHWOR | आवधिक योजना तयारी | १००००००। ०० | ९८८२५०। ०० | २६४ | |
| ४. | ९९५। ०८१। ३।२४ | KAMERO ENGINEERING RESEARCH & CONSULTS PRIVATE LTD.,ITAHARI, SUNSARI | १० बेड अस्पताल डि.पि.आर. तयारी | १४७३५७७। ०० | १४३६०९५। ५३ | - | डि.पि.आर. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (संघिय) बाट डि.पि.आर. स्वीकृत नगरी भुक्तानी गरिएको<br>Turnover/कार्य अनुभव पेश नभएको |
| ५. | ८२०। ०८१। ३।१४ | भुगोल ईन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा.लि., काठमाण्डौ । | मध्यकालिन खर्च संरचना तयारी | ८९९४८०। ०० | ८८६७५०। ०० | ९४ | Turnover नपुगेको/ कार्य अनुभव पेश नभएको Turnover-1243500 |
| ६. | ६५०। ०८१। २।३१ | भिजन डेभलपमेन्ट सोलुसन प्रा.लि., सुर्यबिनायक भक्तपुर | दिर्घकालिन कृषि रणनैतिक गुरुयोजना तयारी | लागत अनुमान तयार नभएको | ९९१५७५। ०० | ९३ | Turnover / कार्य अनुभव पेश नभएको |
| | | | | **जम्मा** | **५९८४७३८। ७३** | | |

६० **पूर्व निर्धारित क्षतिपूर्तिः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **३६,८५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६१ **पालिका प्रशासकीय भवन निर्माण तर्फ देखिएका ब्यहोराहरु**

(क)बिमाको म्याद थप:- सार्वजनिक खरिद ऐन, २०६४, को नियम ११२(१) मा बीस लाख रुपैयाभन्दा बढी मूल्यको निर्माण कार्यको निर्माण व्यवसायीले बिमा गराउनु पर्ने व्यवस्था छ । यसरी गरिने बीमा अन्तर्गत योजना लागतको बीमा, तेश्रो पक्ष बीमा, निर्माण सामग्री बीमा, निर्माण उपकरणको बीमा पर्दछन । यसरी गरिएको बीमाबाट भुकम्प, सुनामी, आँधी, चक्रपात, बाढी र पहिरो जस्ता पाकृतिक बिपदबाट आयोजना तथा आयोजनाको तोकिएको निर्माणस्थलमा पुगेको क्षतीको क्षतिपूर्ति प्राप्त गर्न सकिन्छ । पालिका अन्तर्गत

प्रशासकीय भवन निर्माण (Contract No.-10/RPRRMUN/2077/78) कार्यको बिमा लुम्बिनी जनरल ईन्सुरेन्स कम्पनीबाट भवन निर्माण र तेश्रो पक्ष बिमा बापत रु. २५८१८२८६।६० बराबरको बिमा गरिएकोमा मिति-२०२३।२।२६ मा अवधि समाप्त भई लेखापरीक्षण अवधिसम्म म्याद थप भएको पाइएन । बिमाको म्याद थप गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

**(ख) पेश्की बैंक ग्यारेण्टी:-** ४।०७८।९।१२ सार्वजनिक खरिद नियमावली,२०६४ तथा कार्यालय र निर्माण व्यवसायीसँग भएको सम्झौताको शर्त नं. ५७.१ मा निर्माण व्यवसायीबाट बैंक तथा वित्तीय संस्थाको शर्त रहितको बैंक जमानत पेश भएपछि ठेक्का रकमको तोकिएको प्रतिशतले हुने मोविलाइजेशन पेश्की उपलब्ध गराउने व्यवस्था छ । कार्यालयले पेश्की बैक जमानतको आधारमा रु. ३९,००,०००।- निर्माण व्यवसायीलाई मोबिलाईजेशन पेश्की दिएकोमा हालसम्म रु.११,१५,९१४।- फस्र्यौट गर्न बाँकी रहेको छ । हाल नबिल बैक लिमिटेड, भोजपुरबाट जारी भएको पेश्की जमानत पत्र तोकिएको ढाँचा बिपरित शर्त सहितको रहेकोमा उक्त जमानतको म्याद मिति-२०२२।५।२४ मा समाप्त भएको पाइयो । जमानतको म्याद समाप्त भएको अवस्थामा कार्यालयबाट म्याद थपका लागि पहल गरेको पाइएन । हालसम्म बाँकी पेश्की रु. ११,१५,९१४।- जोखिममा पर्न सक्ने हुँदा असुल/फस्र्यौट गर्ने गराउने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

| सि.नं | निर्माण व्यवसायी फर्मको नाम | ठेक्का नं. | बैक ग्यारेन्टी प्रदान गर्ने बैक | बैक ग्यारेन्टी नं. | पेश्की रकम रु. | फस्र्यौट गर्न बाँकी पेश्की | बैक ग्यारेन्टीको सर्त |
|---|---|---|---|---|---|---|---|
| 1 | मार्शेली निर्माण सेवा, भोजपुर | Contract No.-10/RPRRMUN/2077/78 | नबिल बैक लिमिटेड, भोजपुर (साबिक नेपाल बंगलादेश बैक लिमिटेड भोजपुर | NB/022/AP/009/2021 | 4E+06 | १११५९१४।- | IT IS CONDITION FOR ANY CLAIM & PAYMENT UNDER THIS GUARANTEE TO BE MADE THAT THE ADVANCE PAYMENT REFERRED TO ABOVE MUST HAVE BEEN RECEIVED BY THE CONTRACTOR ON ITS ACCOUNT NUMBER 022001561C MAINTAINED AT BANGALADESH BANK LIMITED, BHOJPUR BRINCH |

## ६२ निर्माण कार्यको लगतः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाउपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन।यस पालिकाले गत विगत वर्षदेखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

## ६३ कार्य सम्पन्न प्रतिवेदन:

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ। तर कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन।

## ६४ गुणस्तर परीक्षणः

सार्वजनिक खरिद तथा निर्माण संझौता कार्यान्वियन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित विभिन्न ठेक्काहरुमा प्रयोग हुने निर्माण सामग्रीहरु रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण ठुला केहि ठेक्काहरुमा गरेको प्रमाण पेश भए पनि अधिकांश साना ठेक्काहरु र उपभोक्ता समितिहरुबाट भएका निर्माण कार्यको परिक्षण भएको पाइएन । जसबाट सार्वजनिक निर्माणमा प्रयोग भएका सामग्रीहरु तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

६५ **डि.एल पि.अभिलेखः**

सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी.मा रहेका ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन।यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको एकिन गर्ने सक्ने अवस्था रहेन।अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

६६ **AS BUILT DRAWING:**

सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित ठुला योजनाको समेत AS BUILT DRAWING पेश भएको पाइएन । यस्तो प्रतिबेदन पेश गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

६७ **सोझै खरिदः-**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक-पटक नियमावलीले तोकेको सिमा भन्दा बढी रकमको वा एउटै ब्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ । त्यस्तै सोही नियमावलीको नियम ८४(१) अनुसार सार्वजनिक निकायले बीस लाखसम्म लागत अनुमान भएको सार्वजनिक खरिद वा मालसामान शिलबन्पदी दरभाउ पत्रको माध्यमबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले मालसामान खरिद कार्यको प्रकृति अनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सिमा अनुसार दरभाउ पत्रमार्फत कार्य गराउनु पर्नेमा निम्नानुसारको सार्वजनिक खरिद कार्य प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी रु. ६०,१०,६४८।-को सोझै खरिद गरेको देखियो । पालिकाले आगामी दिनमा खरिद प्रकृयामा सुधार गर्नुपर्दछ ।

| सि.नं. | ब.उ.शि.नं. | गो. भौ. नं./ मिति | भुक्तानी पाउने फर्मको नाम | विवरण | बिजक नं./ मिति | मू.अ.कर सहित भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| १. | गाँउपालिका पूँजिगत | ११५।०८०। १२।२६ | चाम्लिङ्ग निर्माण सेवा, भोजपुर नं.पा., भोजपुर | आमचोक गा.पा. जाने मुख्य सडक मर्मत तथा ट्र्याक खोल्ने कार्य | ०४।२०८०। १२।२१ | ९४८६६५।४० |
| २. | गाँउपालिका पूँजिगत | १२।०८०।६। २८ | मुकुल निर्माण सेवा, भोजपुर | वडा नं. ५-८ सम्म सडक सफा गर्ने कार्य | २।०८०।६। २७ | ८१३०००।०० |
| ३. | गाँउपालिका पूँजिगत | २।०८०।६। २८ | साम्खा कन्ष्ट्रक्सन प्रा.लि., भोजपुर | सडक सफा गर्ने कार्य | २।०८०।६। २८ | ७२६००२।४० |
| ४. | गाँउपालिका पूँजिगत | ५९।०८०। ११।१५ | साम्खा कन्ष्ट्रक्सन प्रा.लि., भोजपुर | ओख्रे पखुवा कृषि सडक, पखुवा | ७।०८०।११। ३ | २६४६४६।०० |
| ५. | गाँउपालिका पूँजिगत | ५८।०८०। ११।११ | दिला निर्माण सेवा, भोजपुर | वडा नं. ३,४,५,६ को सडक मर्मत तथा सफा गर्ने कार्य | १।०८०।११। ८ | ७६९६९९।५० |
| ६. | गाँउपालिका पूँजिगत | ६६।०८०। १२।१२ | L & S Infosys, Itahari, Sunsari | ल्यापटप र नेटवर्किङ्ग लगायतका उपकरणहरु खरिद | १७।०८०। १०।२१ | ८२६६३७।०० |
| ७. | गाँउपालिका पूँजिगत | ४९।०८०। ११।२ | ईन्फिनिटी टेक, धरान | विद्यालयको लागि ल्यापटप खरिद | १८२।०८०। १०।९ | १९९१००।०० |
| ८. | गाँउपालिका पूँजिगत | ४५।०८०। १०।२३ | भिमसेन ट्रेडर्स एण्ड सप्लायर्स, ईटहरी | बिद्युतीकरण सम्वन्धि उपकरण खरिद | ७८।०७८। १०।१५ | ९९९५९८।०० |
| ९. | गाँउपालिका पूँजिगत | २२।०८०।८। २१ | प्यारागन आई.टी. सोलुसन प्रा.लि. | Interactive Display with OPS & Stand खरिद | १२३। २०८०।८। १७ | ४६३३००।०० |
| | | | | | **जम्मा** | **६०१०६४८.३** |

६८ **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत देखिएका व्यहोराहरु देहाय बमोजिम छन्

६८.१ **सीप विकास तालिमः** गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा १७ अनुसार पालिकाले यस आ.व.मा २९ जना नयाँ उद्यमी सृजना गर्न र २० जना उद्यमीलाई स्तरोन्नति सम्बन्धी सीप विकास तालिम संञ्चालन गर्नको लागि (प्राविधिक सीप विकास तालिमको रु.३,७१,८७४.०० र एड्भान्स सीप विकास तालिमको लागि रु.२,४०,०००.०० गरि रु.६,११,८७४.०० बजेट व्यवस्थापन गरी ३४ जना नयाँ उद्यमीलाई (७ दिने गुन्द्रुक बनाउने तालिम र ४ दिने सुन्तलाको जुस बनाउने) तालिम दिएको तथा १५ जनालाई ९० दिनको सिलाईकटाई तालिम दिएको जनाएको छ । सञ्चालित तालिमबाट लाभान्वित भएका उद्यमीहरुले आर्जन गरेको ज्ञान, सीप, अनुभव र प्रदान गरिएको प्रविधि बमोजिमको व्यवसाय तथा रोजगार प्राप्त गर्ने नगर्ने सम्बन्धमा कार्यक्रमको प्रभावकारीताको लेखाजोखा पालिकाबाट हुनुपर्ने देखिन्छ ।

| क्र.सं. | तालिमको नाम | वडा नं. | तालिम संचालन दिन | लक्ष्य संख्या | तालिममा सहभागी भएको संख्या |
|---|---|---|---|---|---|
| | नयाँ तर्फ | | | | |
| 1. | अचार तथा गुन्द्रुक बनाउने | ६ | ७ | २९ | १६ |
| 2. | सुन्तलाको जुस बनाउने | ६ | ४ | | १८ |
| | स्तरोन्नति तर्फ | | | | |
| 3. | एडभान्स सिलाई कटाइ | ८ | ९० | २० | १५ |

६८.२ **प्रविधि हस्तान्तरणः** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ । निर्देशिका बमोजिम पालिकाले यस वर्ष प्रविधि हस्तान्तरण कार्यक्रममा जुस बनाउने मेशिन सि.एन.बि ट्रेडर्स(१२३९३७७६४) बाट रु.५०,०००.०० प्रतिवटाका दरले २ वटा खरिद गरी १८ जना रहेको दुईवटा समूहलाई बितरण गरेको देखियो । प्रविधि हस्तान्तरण गरिएका सामान ५ वर्षसम्म सम्बन्धित उद्यमकर्ताले प्रभावकारी ढंगबाट उपयोगमा ल्याउनुपर्ने व्यवस्थाका सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

६९ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र.१२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

७० **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस वर्ष पालिकालाई ९० जना श्रमिकलाई रोजगार सृजना गर्न नेपाल सरकारबाट रु.३३,८०,०००.०० र विश्व बैंकबाट रु.२६,७२,०००.०० गरी जम्मा रु.६०,५२,०००.०० प्राप्त भएको छ । यस पालिका अन्तर्गत रहेका ८ वडाहरुमध्ये ८ वटै वडाहरुमा देहायका १५ योजना सञ्चालन गरी यस वर्ष १७९३ जना सूचीकृत बेरोजगार श्रमिकहरुमध्ये ९० जनालाई औसत ९९.६८ दिनले ८९७२ दिन रोजगारी उपलव्ध गराई प्रतिदिन रु.६६८.०० का दरले रु.५९,९३,२९६.०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| क्र स | योजनाको नाम | वडा | श्रमिक संख्या | जम्मा कार्य दिन | लागत अनुमान | कार्य सम्पन्न | भूक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | दमैखोला सिचाईँ कुलो मर्मत तथा बोन्थिताङ सडक सोलिङ | १ | ४ | ४०० | २६७२०० | २६७२३२ | २६७२०० |
| २ | रोक्तावा कृषि सडक स्तरोन्नती | १ | ५ | ५०० | ३३४००० | ३३४१०७ | ३३४००० |
| ३ | धोद्लेखानी सडक स्तरोन्नती | २ | ८ | ८०० | ५३४४०० | ५३४४४७ | ५३४४०० |
| ४ | बनपाला सावाराङ सडक स्तरोन्नती | २ | ६ | ६०० | ४००८०० | ४००८३८ | ४००८०० |
| ५ | सानोभुल्के-च्यानडाँडा सडक स्तोन्नती | ३ | ८ | ८०० | ५३४४०० | ५३५७३६ | ५३४४०० |
| ६ | भुल्के सडक स्तरोन्नती | ३ | ६ | ६०० | ४००८०० | ४०१६४५ | ४००८०० |
| ७ | शिवालय मन्दिरदेखि ओख्रे जाने मूल सडक स्तरोन्नती | ४ | ८ | ८०० | ५३४४०० | ५३४४८८ | ५३४४०० |
| ८ | वडा कार्यालयदेखि माटिकोरे जाने मूल सडक स्तरोन्नती | ४ | ६ | ६०० | ४००८०० | ४०१३६४ | ४००८०० |
| ९ | जुकेपानी खोस्ताङ सडक स्तरोन्नती | ५ | ४ | ४०० | २६७२०० | २६७५३८ | २६७२०० |
| १० | कप्तानको घरबाट लहरेबर जाने सडक मर्मत | ५ | ५ | ५०० | ३३४००० | ३३५८७६ | ३३४००० |
| ११ | चेकोक्लुङ चोक्ताङ सडक र बरभञ्ज्याङबाट डम्फेडाँडा जाने सडकस्तरोन्नती | ६ | ७ | ६७२ | ४६७६०० | ४४८८९६ | ४४८८९६ |
| १२ | सामुदायिक भवन निर्माण साविक ५ र दिङ्ला धाराटोल जाने सडकस्तरोन्नती | ६ | ७ | ७०० | ४६७६०० | ४६७६७० | ४६७६०० |
| १३ | श्रीपञ्चमी सडक सोलिङ | ७ | ५ | ५०० | ३३४००० | ३३४००० | ३३४००० |
| १४ | वाक्चाखा सोती सडक सोलिङ तथा जाल्पादेवी गुँरास पकेट पैदलमार्ग | ८ | ६ | ६०० | ४००८०० | ४००८२३ | ४००८०० |
| १५ | माझ्मि भवन निर्माण बाहुराङ तथा पैदल मार्ग | ८ | ५ | ५०० | ३३४००० | ३३४००० | ३३४००० |
| जम्मा | | | ९० | ८९७२ | ६०१२००० | ५९९८६५८ | ५९९३२९६ |

७१ **एम.आई.एस विवरणः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं. १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई. एस. लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकाबाट प्राप्त एम.आई.एस. मूल अभिलेखको परीक्षण गर्दा २ जना लाभग्राहीको नागरिकता नं. एक अर्काबीच मिलान भएको समेत देखियो । एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भई सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम.आई.एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।

७२ **सामाजिक सुरक्षा तर्फः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ उपदफा २ अनुसूची-१० बमोजिमको ढाँचामा रामप्रसादराई गाउँपालिका र एन.आई.सी एसिया बैंक, शाखा कार्यालय, बैकुण्ठेबीच द्विपक्षीय सम्झौता भई पालिकाभित्र रहेका ८ वटै वडाहरुको सामजिक सुरक्षा भत्ता बैंकबाट उपलब्ध गराउदै आएको छ । पालिकाले प्रथम र दोस्रो त्रैमासिक बैंकिङ्ग प्रणालीबाट र तेस्रो र चौथो त्रेमासिकको सामाजिक सुरक्षा भत्ता विद्युतीय भुक्तानी प्रणाली (EFT) बाट बितरण गरेको छ । यस आर्थिक वर्षमा पालिकालाई

रु.७,६३,९४,०००।- विनियोजन भएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट बैंकलाई रु. ७,४८,०७,०६६.०० निकासा दिएकोमध्ये रु.७,४५,७१,९००.१५ वितरण गरी खर्चको आर्थिक विवरण . पेश भएको छ । पालिकाले भत्ता वितरण गर्न निकासा दिएको विवरण देहायबमोजिम उल्लेखित छन्

| क्र.स. | चौमासिक | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा निकासा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| १ | जेष्ठ नागरिक | ११२५ | १३४०८९४३ | ११२४ | १३३२२०३८ | ११२३ | १३३४१४९३ | ११६७ | १३७८३१६५ | ५३८५११२३ |
| २ | जेष्ठ नागरिक दलित | १०४ | ८१९२८० | १०३ | ८१६६२० | १०३ | ८१३९६० | १०५ | ८१६६२० | ३२६६४८० |
| ३ | जेष्ठ नागरिक एकल महिला | १९४ | १५४०२२६ | १९३ | १५२६५६५ | १८८ | १४८७८२७ | १७८ | १४१२४६० | ५९६७०७८ |
| ४ | विधवा | २२० | १७५०२८० | २२३ | १७६८९०० | २३० | १८१३६७७ | २३६ | १८५६५१४ | ७१८९३७१ |
| ५ | पूर्ण अपाङ्ग | ३९ | ४६६८३० | ३९ | ४६६८३० | ३८ | ४५४८६० | ३७ | ४४२८९० | १८३१४१० |
| ६ | अतिअसक्त अपाङ्ग | ७५ | ४७८८०० | ७४ | ४७२४१६ | ७४ | ४७२४१६ | ७४ | ४७२४१६ | १८९६०४८ |
| ७ | वालपोषण दलित | १२५ | १९११६० | १३२ | २००३९८ | १३३ | २०४५०९ | १३३ | २०४९७३ | ८०१०४० |
| | जम्मा | १८८२ | १८६५५५१९ | १८८८ | १८५७३७६७ | १८८९ | १८५८८७४२ | १९३० | १८९८९०३८ | ७४८०७०६६ |

पालिकाबाट यस वर्ष सामाजिक सुरक्षा भत्ता बितरणको लागि बैंकलाई रु. ७,४८,०७,०६६।– निकासा दिएकोमा मृतकहरुको खातामा जम्मा भएको तर भुक्तानी नपाउने रकम यकिन गरी रु.२,४७,१६५.८५ फिर्ता भएको हुनाले खुद खर्च रु.७,४५,७१,९००.१५ भएको देखिन्छ । पालिकाबाट उपलब्ध भएको तथ्याङ्क बमोजिम निकासा रकम देहायबमोजिम रहेको छः

| चौमासिक | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा वितरण रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| जेष्ठ नागरिक | ११२५ | १३४०८९४३ | ११२४ | १३३१७५२२ | ११२३ | १३३४१४९३ | ११६७ | १३७८३१६५ | ५३८५११२३ |
| जेष्ठ नागरिक दलित | १०४ | ८१९२८० | १०३ | ८१६६२० | १०३ | ८१३९६० | १०५ | ८१६६२० | ३२६६४८० |
| जेष्ठ नागरिक एकलमहिला | १९४ | १५४०२२६ | १९३ | १५२६५६५ | १८८ | १४८७८२७ | १७८ | १४१२४६० | ५९६७०७८ |
| विधवा | २२० | १७५०२८० | २२३ | १७६८९०० | २३० | १८१३६७७ | २३६ | १८५६५१४ | ७१८९३७१ |
| पूर्ण अपाङ्ग | ३९ | ४६६८३० | ३९ | ४६६८३० | ३८ | ४५४८६० | ३७ | ४४२८९० | १८३१४१० |
| अतिअसक्त अपाङ्ग | ७५ | ४७८८०० | ७४ | ४७२४१६ | ७४ | ४७२४१६ | ७४ | ४७२४१६ | १८९६०४८ |
| वालपोषण दलित | १२५ | १९११६० | १३२ | २००३९८ | १३३ | २०४५०९ | १३३ | २०४९७३ | ८०१०४० |
| जम्मा | १८८२ | १८६५५५१९ | १८८८ | १८५६९२५१ | १८८९ | १८५८८७४२ | १९३० | १८९८९०३८ | ७४८०२५५० |

पालिकाबाट यस वर्ष सामाजिक सुरक्षा भत्ता बितरणको लागि वडागत वितरण गरेको विवरण देहाय बमोजिम रहेको छः

| वडा नं. | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | २८४७११६ | २८१८७२० | २७६०३८२ | २८४९४९३ | ११२७५७११ |
| २ | १९५४७२२ | १९४६९४२ | १९७९८८० | २०४५३२० | ७९२६८६४ |
| ३ | २६२४०३२ | २६२०४६६ | २६४४४६१ | २६६२४१२ | १०५५१३७१ |
| ४ | २४४२४६९ | २४१२५५२ | २३९०७५८ | २४२७९८१ | ९६७३७६० |
| ५ | १९६३६४७ | १९४८९१८ | १९२९४०२ | १९८१२०१ | ७८२३१६८ |
| ६ | २७७२९३९ | २७८०९५२ | २८४१०८४ | २८९५६७८ | ११२९०६५३ |
| ७ | २३८९१७० | २३७७००१ | २४०९६२४ | २४२९५५९ | ९६०५३५४ |
| ८ | १६६१४२४ | १६६३७०० | १६३४३५१ | १६८५३९४ | ६६४४८६९ |
| जम्मा | १८६५५५१९ | १८५६९२५१ | १८५८९९४२ | १८९७७०३८ | ७४८०२५५० |

७३ **सामाजिक सुरक्षा भत्ता वितरण शिविरः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिको त्यस्तो भत्ताको रकम लाभग्राहीको बैंक खातामा सोझै भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले लाभग्राहीको खातामा भत्ता रकम जम्मा गरेपश्चात पनि बैंक रहेको वडा नं.६ बाहेकको बाँकी ७ वडाहरुमा प्रतिवडा ४ पटकको दरले सामाजिक सुरक्षा भत्ता वितरण शिविर सञ्चालन गरी बैंकका कर्मचारी, सुरक्षा कर्मी र पञ्जीकरण शाखाका कर्मचारीलाई आउँदा जाँदा यातायात खर्च, भत्ता तथा खाजा खर्च र वडाका कर्मचारी, जनप्रतिनिधिलाई खाजा खुवाई रु. ८,११,८००।– खर्च गरेको देखियो । यस सम्बन्धमा पालिकासँग छलफल गर्दा सामाजिक सुरक्षा भत्ता लिन आउन लाभग्राहीलाई भौगोलिक विकटता र असुविधा भएको कारण जनताको घरदैलोमा पुगेर सेवा प्रवाह गरी सुशासन कायम गर्न गाउँसभाबाट यस शीर्षकमा बजेट व्यवस्थापन गरी पारित गरेको जनाएको छ । पालिकाले सम्भव भएसम्म यस्ता खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| गो. भौ . नं ।मिति | भत्ता वितरण गरेको त्रैमास | रकम |
|---|---|---|
| ४५-०८०।६।१७ | आ व २०७९।८० को अन्तिम त्रैमास | १८८,८०० |
| ७२-०८०।६।२८ | आ व २०८०।८१ को प्रथम त्रैमास | २१४,७०० |
| ८७-०८०।१०।२९ | आ व २०८०।८१ को दोस्रो त्रैमास | १९७,७५० |
| ५२९-०८०।१।२३ | आ व २०८०।८१ को तेस्रो त्रैमास | २१०५५० |
| | जम्मा रु | ८११,८०० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : रामप्रसादराई गाउँपालिका, भोजपुर , राम प्रसाद राई गाउँपालिका , भोजपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | NABINA GIRI | २०८१-१०-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | ईन्द्र कुमार घिमिरे | २०७८-१०-१५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३६,८५६ | १,१९२,३०० | ४२८,५२६ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १,६५७,६८२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ४६५,३८२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १,१९२,३०० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ९७४१०३००.३५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३१६१५२३६० | चालु खर्च | २६३१९३७६७.६६ |
| प्रदेश सरकारबाट अनुदान | ९२६८०००.० | पूँजीगत खर्च | १००२८५०३६ |
| राजश्व बाँडफाँट | ७५९८८७८९ | वित्तीय/अन्य व्यवस्था | १२६०१५९८३.१ |
| आन्तरिक आय | ५०४५८०३.८२ | | |
| अन्य आय | ९०८८४१७४.७२ | | |
| कुल आय | ४९७३३९१२७.५४ | कुल खर्च | ४८९४९४७८६.७६ |
| बाँकी मौज्दात | | १०५२५४६४१.१३ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीकको पदपूर्ति नभएकोले पदपूर्ति गरी आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।